श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२९ सालको ऐन नं. १६

**स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।**

### राजदरवार सेवा ऐनमा संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावनाः– राजदरवार सेवामा नियुक्त कर्मचारी तथा निजहरूको सेवा सम्बन्धित शर्तहरू समयानुकूल व्यवस्था गर्न तथा राजदरवार सेवा ऐनमा संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो ऐनको नाम "राजदरवार सेवा ऐन, २०२९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नियुक्तिः– राजदरवार सेवाका कर्मचारीहरूको नियुक्ति श्री ५ वा यस कामको सम्बन्धमा मौसूफबाट अधिकार प्राप्त अधिकारीबाट नियुक्त गरिने छन् ।

३. सरुवा तथा सरुवा बढुवाः– (१) श्री ५ बाट चाहिबक्सेमा श्री ५ को सरकारको कुनै सेवाको कर्मचारीलाई राजदरवार सेवामा सरुवा वा सरुवा बढुवा गर्न सकिबक्सनेछ ।

२६८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) श्री ५ बाट चाहिबक्सेमा राजदरवार सेवाका कुनै कर्मचारीलाई श्री ५ को सरकारको कुनै निजामती सेवामा सरुवा वा सरुवा बढुवा गर्न सकिबक्सनेछ ।

(३) उप-दफा (१) र (२) बमोजिम एक सेवाबाट अर्को सेवामा सरुवा भएका कर्मचारीको पहिलेदेखि काम गरेको नोकरीको अवधि जोडिनेछ ।

४. निवृत्तिभरण, उपदान र संचयकोषको व्यवस्थाः– राजदरवार सेवाका कर्मचारीहरूको निवृत्तिभरण, उपदान र संचयकोष श्री ५ को सरकारको निजामती कर्मचारीहरूको व्यवस्था भए सरह श्री ५ को सरकारले नै व्यवस्थित गर्नेछ ।

५. सेवा अवधि, योग्यता र सेवा शर्तः– राजदरवार सेवाका कुनै पनि कर्मचारीहरू श्री ५ का इच्छाअनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछन् ।

तर– निजहरूको नियुक्तिलाई चाहिने योग्यता र सेवा सम्बन्धी अन्य आवश्यक शर्तहरू श्री ५ बाट व्यवस्था गरे बमोजिम हुनेछ ।

६. लोक सेवा आयोगको परामर्शः– राजदरवार सेवाका कर्मचारीहरूको सरुवा वा सरुवा बढुवा तथा सेवा सम्बन्धी आवश्यक शर्तहरूको विषयमा लोक सेवा आयोगको परामर्श लिइनेछ ।

७. निर्णय गर्ने अधिकार क्षेत्रः– राजदरवार सेवाका कुनै कर्मचारीहरूको सम्बन्धमा श्री ५ बाट गरिबक्सेको वा यस सम्बन्धमा मौसूफबाट अधिकार प्राप्त अधिकारीबाट गरिएको कुनै कारवाई, सजाय वा निर्णयका सम्बन्धमा कुनै पनि अदालतमा सवाल जवाफ वा कारवाई हुने छैन ।

८. खारेजीः– राजदरवार सेवा ऐन, २०१६ खारेज गरिएको छ ।

लालमोहर सदर मिति– २०२१।६।५।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

१६८

मुद्रण विभाग, सिंहदरबार
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।